कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.०५/०८१/८२

आज मिति २०८१।०८।०५ गते बुधवार दिउँसो १:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०५/०८१/८२ (पाँचौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन प्रमुख | | |
| २. | पुजा शाक्य | सहायक, पाँचौं | | |
| ३. | प्रेम कुशवाहा | का. स. | | |

कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.०५/०८१/८२ मिति २०८१।०८।०५ गतेको एजेण्डा तथा निर्णयहरु

छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

**१. गढीमाई मेला व्यवस्थापन सम्बन्धमा ।**

निर्णय : गढीमाई मेला व्यवस्थापनका लागि यस उपमहानगरपालिकामा तपसिल वमोजिमको सात सदस्यीय समिति गठण गर्ने निर्णय गरियों ।

तपसिल :

| | | | |
|---|---|---|---|
| १ | वडा अध्यक्ष वडा नं.६ | श्री राम विस्वास ठाकुर लोहार | संयोजक |
| २ | वडा अध्यक्ष वडा नं.४ | श्री रामेश्वर प्रसाद यादव | सदस्य |
| ३ | वडा अध्यक्ष वडा नं.२७ | श्री अशोक तिवारी | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं.१८ | श्री धुरुप राउत अहिर | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.२४ | श्री हिरालाल चौधरी | सदस्य |
| ६ | स्वास्थ्य शाखा प्रमुख | श्री अजय कुमार जयसवाल | सदस्य |
| ७ | प्रशासन शाखा प्रमुख | श्री शैलेश कुमार महतो | सदस्य सचिव |

**२. गहुँको बिउ सम्बन्धमा ।**

**निर्णय** : यस कार्यालयको मिति २०८१/०७/१४ गतेका दिन गँहुको उन्नत बीउ आपुर्ती सम्वन्धि शिलवन्दी दरभाउ पत्र पेश गर्ने सुचना पकाशन गरिएकोमा जम्मा तिन जना बोलपत्र दाताहरुवाट पेश हुन आएका दरभाउ पत्रहरु यस कार्यालयका कर्मचारीहरुको रोहबरमा मिति २०८१/०७/२९ गतेका दिन खोलेकोमा पेश हुन आएका दरभाउपत्र सारभुत रुपले प्रभावग्राही नभएको देखिएको र किसानहरुको गँहुको विउ रोप्ने समय वित्दै गईरहेकोले गहुको विउ नेपाल सरकारको मान्यता प्राप्त संस्थावाट सोझैं खरिद गर्ने निर्णय गरियो ।

**३. वडा नं.५ को खौराहामा रहेको अधुरो कलभट सम्बन्धमा ।**

**निर्णय** : कलैया उपमहानगरपालिका वडा नं.५ स्थित खौराहा खोलामा साविकमा बनेको एवुटमेन्ट वाल माथी नै स्लैव ढलान गरी बाटो सँचालन गर्ने निर्णय गरियो ।

**४. आन्तरिक छानबिन समिति गठन गर्ने सम्बन्धमा ।**

**निर्णय** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेतौडा, मकवानपुरको च.नं.१९०६ मिति २०८०/०८/२१ को पत्रमा उल्लेख उजुरीको छानविनका लागि तपसिल बमोजिमको आन्तरिक छानविन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

| | | | |
|---|---|---|---|
| १ | वडा अध्यक्ष वडा नं.२५ | श्री चन्दन पटेल | संयोजक |
| २. | वडा अध्यक्ष वडा नं.४ | श्री रामेश्वर प्रसाद यादव | सदस्य |
| ३. | वडा अध्यक्ष वडा नं.२६ | श्री धर्मेन्द्र प्रसाद यादव | सदस्य |
| ४ | कार्यपालिका सदस्य | श्री उदित कुमार साह कानु | सदस्य |
| ५. | इन्जिनियर | श्री माधव प्रसाद यादव | सदस्य |
| ६. | कानुन अधिकृत | श्री राजा हुसेन | सदस्य |

CamScanner

**५. अधिकृत स्तर सातौं तहमा तह मिलान गर्ने सम्बन्धमा ।**

**निर्णय :** यस कलैया उपमहानगरपालिका कार्यपालिकाको कार्यालयमा पदाधिकार रहेका तपसिलका अधिकृत स्तर छैठौं तहका कर्मचारीहरुलाई मधेश प्रदेश, स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ अनुसार तपसिलमा उल्लेखित सेवा, पद, तह, हुने गरी तह मिलान गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. श्री कमल प्रसाद पोखेल
कर्मचारी संकेत नं. २३५२६४

| हाल कार्यरत पदको विवरण | तह कायम भएको पदको विवरण |
|---|---|
| सेवा - नेपाल न्याय सेवा<br>समुह/उपसमूह - कानून<br>पद - अधिकृत<br>तह - अधिकृतस्तर छैठौ<br>सुरु नियुक्ति मिति- २०७६/०८/०१ | सेवा - नेपाल न्याय सेवा<br>समुह/उपसमूह - कानून<br>पद - अधिकृत<br>तह - अधिकृतस्तर सातौ<br>जेष्ठता कायम हुने मिति - २०७६/०८/०१ |

२. श्री गौरव लामिछाने
कर्मचारी संकेत नं. २३९६२७

| हाल कार्यरत पदको विवरण | तह कायम भएको पदको विवरण |
|---|---|
| सेवा - विविध<br>समुह/उपसमूह -<br>पद — कम्प्युटर इन्जिनियर<br>तह - अधिकृतस्तर छैठौ<br>सुरु नियुक्ति मिति- २०७६/१०/२७ | सेवा -विविध<br>समुह/उपसमूह -<br>पद — कम्प्युटर इन्जिनियर<br>तह - अधिकृतस्तर सातौ<br>जेष्ठता कायम हुने मिति - २०७६/१०/२७ |

**६. पद दर्ता सम्बन्धमा ।**

**निर्णय :** मदेश प्रदेशको स्थानिय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ७ बमोजिम स्थानीय तहको संगठन संरचना र दरवन्दी स्वीकृत भएको मितिले तिन महिना भित्र स्थानिय सेवाको पदहरुको सेवा, समूह, उपसमूह तथा तह समेत खुल्ने गरि प्रदेश किताबखानामा पद दर्ता गराउनु पर्ने हुनाले सोही ऐन बमोजिम पद दर्ता गराउने निर्णय गरियो ।

**७. स्थानिय बिदा सम्बन्धमा ।**

**निर्णय :** २०८१ मंसिर महिनामा हुने पंचवर्षिय श्री गढीमांई मेलाको अवसरमा यस उपमहानगरपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा २०८१ मंसिर २३ र २४ गते स्थानीय बिदा रहने तथा यस उपमहानगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा २०८१ मंसिर २३ देखि २५ गते सम्म स्थानीय बिदा रहने निर्णय गरियो ।

**८. बाल विवाह अन्त्यका लागि पालिका स्तरीय रणनीतिक कार्य योजना २०८०/०८१ सम्बन्धमा।**

**निर्णय** : बाल विवाह अन्त्यका लागि पालिका स्तरीय रणनीतिक कार्य योजना २०८०/०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**९. वडा नं.१० को योजनाको म्याद थप गर्ने सम्बन्धमा।**

**निर्णय** : कलैया उपमहानगरपालिका वडा नं.१० अर्न्तगत निलकण्ठवामा रहेको प्रेम राउत बरैको घर देखि वृजभुषण ठाकुर भुमिहारको घर हुदै मुकेश ठाकुर भुमिहारको घर सम्म रहेको बाटोमा माटो पुरी ग्रेभल कार्य गर्न योजनाको कार्य सम्पन्न भईसकेकोले सो योजना भुक्तानीको लागि पौष मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

**१०. आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णय** : तपसिल वमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

**<u>तपसिल:</u>**

१ कलैया उ.म.न.पा.वडा नं.२७ वस्ने देवकी राउत अहिरको नाति भागिरत प्रसाद यादवको छोरा राजकिशोर यादवको दुवै मृगौला खराव भएकोले उपचारको लागि वडा नं.२७ को वडा कार्यालयको वजेटवाट रु.२०,०००/- अक्षरेपी विस हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

२. भारतको अमृतसरमा हुने अन्तराष्ट्रिय कराते प्रतियोगितामा यस उपमहानगरपालिकाबाट सितोरियो सोबुकंन करातेका १२ (पुरुष तथा महिला) खेलाडीहरु भाग लिन सुनिश्चित भएकोले खेलाडीहरुको मनोबललाई उच्च बनाउनका लागि प्रवेश शुल्क र यातायात खर्चका लागि रु.३०,०००/- अक्षरेपी तिस हजार मात्र, सितोरियो सोबुकन करातेका जिल्ला अध्यक्ष श्री मेराजुल अन्सारीलाई उपलब्ध गराउने निर्णय गरियो।

**११. सामुदायिक विकास परियोजना (HICDPs) अर्न्तगत आयोजना प्रस्ताव गर्ने सम्बन्धमा।**

**निर्णय** : भारत सरकारको सहयोगमा संचालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) कार्यक्रम अर्न्तगत बारा जिल्लाकै जेठो क्याम्पस (सामुदायिक क्याम्पस) को रुपमा रहेको राम राजा (मो.वि.शाह) वहुमुखि क्याम्पसमा ग्रामिण भेगवाट आउने दलित, असाहाय, पिछड़ावर्ग, मधेशी, जनजाती एवंम विपन्न बर्गका छात्र / छात्राहरुको लागि छात्रावास भवन निर्माण गर्न अत्ति आवश्यक रहेको हुनाले छात्रावास निर्माणको कुल बजेटको १०% लागत यस कलैया उपमहानगरपालिकाले बेहोर्ने गरी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय राजदुतावासलाई परियोजना प्रस्ताव गर्ने निर्णय गरियो।

**१२. पहिलो प्याकेजमा हुने योजनाहरुको लागत अनुमानलाई नै टेन्डर गर्ने सम्बन्धमा।**

**निर्णय** : यस कलैया उपमहानगरपालिकाको पहिलो प्याकेजमा हुने तपसिलका योजनाहरुको ई - विडिङ प्रक्रियामा प्रतिसप्रर्धा भई घटाघट हुदाँ बिनियोजित बजेट भित्र आउने सम्भावना भएको र बिनियोजित वजेट भित्र नआउने भए आगमी नगर सभावाट बिनियोजित हुने गरी ठेक्का प्रक्रिया अगाडि बढाउन उपयुक्त रहेकोले न्युनतम संचालन गर्नको लागि बनेको लागत अनुमानलाई नै ठेक्का प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

बैठक नं.०५/०८१/८२ मिति २०८१।०८।०५ गतेको कार्यपालिका बैठकको उपस्थिति

**तपसिल :**

(क). बरेवा छठिया पोखरी पार्क निर्माण कार्य को बिनियोजित बजेट रु २,००,००,०००।०० (अक्षरुपी रु दुई करोड मात्र) रहेको तर न्युनतम संचालन गर्नको लागि लागत अनुमान रु २,२१,४४,५९५।०३ ( अक्षरुपी रु दुई करोड एकाईस लाख चौवालिस हजार पाचँ सय पंन्चानब्बे रुपैया तिन पैसा) भ्याट र कन्टेन्जेन्सी समेत आएको ।

(ख). कृषि वजार पूर्वाधार निर्माण (कलैया सदरमुकाम) कार्यको बिनियोजित वजेट रु १,३३,८०,०००।०० (अक्षरुपी रु एक करोड तेत्तिस लाख अस्सी हजार मात्र) रहेको तर न्युनतम संचालन गर्नको लागि लागत अनुमान रु १,४६,९५,६७०।२८ (अक्षरुपी रु एक करोड छियालिस लाख पन्चान्व्वे हजार छ सय सत्तरी रुपैया अट्ठास पैसा) भ्याट र कन्टेन्जेन्सी समेत आएको।

(ग). नगर सभा गृह निर्माण कार्य फेज ०३ कार्यको बिनियोजित बजेट रु १,००,००,०००।०० (अक्षरुपी रु एक करोड मात्र) रहेको तर न्युनतम संचालन गर्नको लागि लागत अनुमान रु १,३१,९४,४२८।१५ ( अक्षरुपी रु एक करोड एकतिस लाख चौरान्वे हजार चार सय अट्ठास रुपैया पन्द्र पैसा) भ्याट र कन्टेन्जेन्सी समेत आएको ।

**१३. करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ (संशोधित) सम्बन्धमा ।**

**निर्णय :** करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ (संशोधित) को दफा २(छ) मा "अन्य कर्मचारी'' भन्नले स्थानिय शासन विज्ञ, बातावरण विज्ञ, वातावरण निरिक्षक, सुचना प्रविधि अधिकृत, परामर्शकर्ता, राजश्व सुपरभाईजर, योजना सुपरभाईजर, नगर प्रहरी, ईलेक्ट्रिसियन, प्लम्बर, कार्यालय सहयोगी, हलुका वा भारी सवारी चालक, पाले, बगैंचे, कुचिकार जस्ता लगायतका पद तथा दरबन्दी अस्थायी प्रकृतीका रहनेछ, आवस्यकता अनुसार यसलाई सेवा करारमा लिन सकिने गरी संशोधन सहितको प्रस्ताव पेश भएकोले करारमा प्राविधिक तथा अन्य कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ (संशोधित) स्वीकृत गर्ने निर्णय गरियो ।